बैठक नं.१

आज मिति २०८३/०५/२१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | जिलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

आर्ठ प्रसाद राई - का॰वा॰ वडाध्यक्ष - १
पवित्रा देवी श्रेष्ठ - का॰वा॰ वडाध्यक्ष - ३

**प्रस्ताव नं १.१**

मिति २०८३/०३/३२ मा बसेको नगरकार्यपालिकाको २० औं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**निर्णय नं १.१**

- चालु आ.व. २०८३/०८४ का लागि नगरदररेट स्वीकृत गरिएको ।
- स्थानीय किसान सूचीकरण कार्यान्वयन तथा समन्वय समिति गठन गरिएको ।
- नगरकार्यपालिकाबाट गठित सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र विधेयक समिति गरी ६ वटा विषयगत समितिहरुका वार्षिक प्रतिवेदनहरु प्रस्तुत भई छलफल गरिएको ।

**प्रस्ताव नं. १.२**

राजीनामा स्वीकृत सम्वन्धमा ।

**निर्णय नं १.२**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको लाइनमेन सहायकस्तर तेस्रो तहमा मिति २०६६/०४/०१ मा स्थायी नियुक्ति भई हाल इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रोनिक समूह, प्राविधिक अधिकृत, अधिकृतस्तर छैटौं तहमा कार्यरत श्री दिल बहादुर थापाले घरायसी कारण दर्शाइ कार्यालयमा रही सेवा गर्न असमर्थ रहेको भनी मिति २०८३/०४/१८ गते देखि लागु हुने गरी मिति २०८३/०४/०६ मा कार्यरत पदबाट राजीनामा दिएको र निज मिति २०८३/०४/०७ मा स्वयम कार्यालयमा उपस्थित भई सनाखत समेत गरेको हुँदा निजले कार्यरत पदवाट दिएको राजीनामा निजको माग बमोजिम मिति २०८३/०४/१८ गते देखि नै लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १.३**

साझा हस्पिटल प्रा.लि.को स्तरोन्नतीका लागि सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं १.३**

साझा हस्पिटल प्रा.लि. बुटवल- ८ ले १५ शैयाको अस्पताल संचालनमा रहेको र उक्त अस्पताललाई २५ शैयाको जनरल अस्पतालमा स्तरोन्नतीका लागि सिफारिस माग गरेको हुँदा प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको मापदण्ड पुरा भएमा स्तरोन्नती प्रक्रिया अगाडि बढाउनका लागि स्वास्थ्य मन्त्रालय, लुम्विनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), मा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं १.४**

टोल विकास संस्था दर्ता सम्वन्धमा ।

**निर्णय नं १.४**

बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं. २ मा ५९ घरधुरी आवद्ध रहेको श्री मनकामना ५ नं. टोल विकास संस्था दर्ताका लागि २ नं. वडा कार्यालयको क्रमशः प.सं. २०८२/०८३, च.नं. ११०० मिति २०८३/०३/२२ र प.स.०८३/०८४ च.न. ७१ मिति २०८३/०४/२७ को संलग्न सिफारिस र बुटवल उपमहानगरपालिकाबाट जारी टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्वन्धी निर्देशिका २०७४ (पाचौं संशोधन २०८१) को परिच्छेद ३ को ७ नं.बुदाको १ नं.मा भएको विशेष भौगोलिक अवस्था र घरधुरी समेटिन नसक्ने अवस्था समेतका आधारमा उल्लेखित मनकामना ५ नं. टोल विकास संस्थालाई दर्ता प्रक्रियामा आवद्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १.५**

विविध १

**प्रस्ताव नं १.५.१**

सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं १.५.१**

आ.व.२०८२।०८३ मा वुटवल उपमहानगरपालिकावाट सम्पादन एँवं कार्यान्वयन भएका सार्वजनिक सेवा प्रवाहका वारेमा तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३।०३।२६ गतेका दिन वुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं.१७ मोतीपुरमा सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि.द्धारा सचालित वुटवल एफ.एम,वुटवल रुपन्देहीको संयोजनमा गरिएको हुँदा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको सन्दर्भमा सहजीकरण गरिएको संस्थावाट प्राप्त हुन आएको प्रतिवेदन आजको वैठकमा प्रस्तुल भई छलफल गरियो । प्राप्त प्रतिवेदनले औल्याए वमोजिमका सुझावहरुलाई आगामी दिनहरुमा क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं . १.५.२**

महोत्सव सञ्चालनका लागि अनुमति दिने सम्बन्धमा ।

**निर्णय नं. १.५.२**

तिलोत्तमा उद्योग वाणिज्य संघ, मंगलापुर रुपन्देहीको च.नं.०८३/०८४/०३ मिति २०८३/०४/११ को पत्रबाट बुटवल १० स्थित रामनगरमा रहेको बुटवल मण्डप परिसरमा मिति २०८३/०८/०१ गतेदेखि १४ गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार मेला ,कृषि,पर्यटन तथा लगानी महोत्सव २०८३ संचालनका लागि अनुमति माग गरेको हुँदा बुटवलमा क्रियाशील चारवटा व्यावसायिक सरोकारवाला संस्थाहरु

समेतको मिति २०८३/०४/१५ मा बसेको बैठकबाट तिलोत्तमा उद्योग वाणिज्य संघलाई मिति २०८३ माघ महिनामा उल्लेखित स्थानमा महोत्सव संचालनका लागि स्वीकृति दिनका लागि सिफारिस भई आएको हुँदा तिलोत्तमा उद्योग वाणिज्य संघलाई बुटवल मण्डप परिसरमा २०८३ माघ महिनामा महोत्सव संचालनका लागि अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १.५.३**

कृषि क्षेत्र र गैर कृषि क्षेत्रका सम्बन्धमा ।

**निर्णय नं. १.५.३**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका विशेष गरी १४-१९ वडाहरुमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र अन्तर्गतका जग्गाहरु खरिद बिक्री गर्दा केही व्यवहारिक समस्याहरु सृजना भएको हुँदा त्यस्ता विषयहरुका सम्बन्धमा के कसरी उपयुक्त निकास निकाल्न सकिन्छ । सो को सन्दर्भमा आवश्यक छलफल एवं सहजीकरणका लागि प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १.५.४**

ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा ।

**निर्णय नं. १.५.४**

बुटवल उपमहानगरपालिका वडा नं.११ देविनगर स्थित खुलामञ्च सम्याउने कार्यका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र श्री सुष्मा एण्ड सरोज कन्स्ट्रक्सन प्रा.लि.भक्तपुर बीच मिति २०८२/०१/३० मा भएको द्विपक्षीय सम्झौता अनुसार दिईएको कार्यादेश बमोजिम निर्माण गर्न उक्त स्थलका स्थानीय बासीहरुको अवरोधले कार्य प्रकृया अगाडी बढ्न नसकेको हुँदा श्री सुष्मा एण्ड सरोज कन्स्ट्रक्सन प्रा.लि.भक्तपुरबाट मिति २०८३/०४/१८ मा ठेक्का रद्द गरिपाउँ भनी निवेदन पेश हुन आएको हुँदा सो माग निवेदनलाई नै प्रमुख आधार मानी दुवै पक्षको आपसी सहमतिमा ठेक्का सम्झौता रद्द गर्ने गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनुभयो ।